# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०७८/०७९ (१ नं. प्रदेश), नेपाल
च.नं.१११८ मितिः २०७८/०९/०२

**दोस्रो पटक प्रकाशित**

**विषयः** विषय विज्ञ सूचीकृत हुने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा रिक्त रहेका र रिक्त रहने स्वीकृत दरबन्दी, राहत अनुदान, अन्य अनुदान तथा निजि कोटामा नियमानुसार करारमा शिक्षक नियुक्तिको लागि छनौट समितिमा रहि कार्य गर्न इच्छुक यस नगरपालिकाको करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७७ बमोजिम देहाय अनुसार योग्यता पुगेका यस नगरपालिकामा कार्यरत इच्छुक शिक्षकहरुले निम्नानुसार कागजात सहित तोकिएको ढाँचाको निवेदन मिति २०७८/०९/१६ गतेभित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. आधारभूत तह (१-५) र (६-८) को लागि
   - क. शिक्षाशास्त्र संकायमा स्नातक तह उत्तिर्ण गरेको,
   - ख. सम्बन्धित तहको स्थायी शिक्षकमा नियुक्ति भई परीक्षणकाल पुरा गरेको ।

२. माध्यमिक तह (९-१२) को लागि
   - क. सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको,
   - ख. सम्बन्धित तह/विषयको स्थायी शिक्षकमा नियुक्ति भई परीक्षणकाल पुरा गरेको ।

३. लेखा कर्मचारीको लागि
   - क. सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण गरेको,
   - ख. शैक्षिक संस्था/सरकारी कार्यालयमा कम्तिमा १ वर्षको अनुभव भएको।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

- तोकिएको ढाँचाको निवेदन - १ प्रति
- नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १ प्रति
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १/१ प्रति
- स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि -१ प्रति
- स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि -१ प्रति
- निवेदन दस्तुरको रसिद -१ प्रति

**पुनश्चः**

१. सूचीकृत हुन दिइने निवेदन दस्तुर आधारभूत तह (कक्षा १-५ र कक्षा ६-८) को लागि क्रमशः रु. ५०० र १००० र माध्यमिक तहको लागि रु.१५०० नगरपालिकाको राजस्व शाखामा जम्मा गरी सोको रसिद पेश गर्नुपर्नेछ।

२. माथिल्लो तहमा सूचीकृत हुने विषय विज्ञहरु तल्लो तहको लागि समेत विज्ञ भइ काम गर्न चाहेमा निवेदनमा सो व्यहोरा खुलाई माथिल्लो तहको लागि तोकिएको दस्तुर मात्र जम्मा गर्नुपर्नेछ।

३. आधारभूत तहको कक्षा ६-८ र माध्यमिक तहको लागि विषय विज्ञहरु विषयगतरुपमा सूचीकृत गरिनेछ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत